# माछापुच्छ्रे गाउंपालिकाको गाउँसभामा उपाध्यक्ष श्री कृष्ण कुमारी पौडेल दवाडीद्धारा प्रस्तुत आ. व. २०७५।०७६ को बजेट, कार्यक्रमको बक्तव्य

**आदरणिय सभाध्यक्ष ज्यू, सभासदस्य ज्यूहरु तथा पत्रकार मित्रहरु,**

१. माछापुच्छ्रे गाँउपालिकाको गाँउसभामा आ.व. २०७५।०७६ बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा आफूलाई गौरवान्वित महसुस गरेको छु । लोकतन्त्र प्राप्तीको विभिन्न ऐतिहासिक आन्दोलनमा आफ्नो जीवनको आहुती दिनुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति हार्दिक भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु ।

२. प्राकृतिक ,साँस्कृतिक र विभिन्न भौगोलिक विविधतायुक्त यस गाँउपालिका लाई समृद्ध बनाउन **"माछापुच्छ्रे गाँउवासीहरुको रहर, सभ्य, समृध्द सुखी र खुसीको लहर"** भन्ने मुल नारालाई साकार पार्नु हामी सबैको कर्तव्य हो । हाम्रा सम्पुर्ण स्रोतसाधन यसैमा परिलक्षित रहेका छन् ।

**श्रद्धेय अध्यक्ष एवं सदस्य ज्यूहरु,**

३. यस गाउंपालिका भौगलिक, प्राकृतिक,पर्यटकिय र सांस्कृतिक दृष्टिले अत्यन्त सुन्दर र विकासको सम्भावना भएको गाउंपालिका हो । विकासकादृष्टिले पछाडी परेको यस गाउँ पालिकामा उत्पादनशिल क्षेत्रमा लगानी बृद्धि गरि रोजगारी सृजना द्धारा आर्थिक स्तर उकास्न कृषिमा यान्त्रिकीकरण र व्यवसायीकीकरण, पर्यटन क्षेत्रको विकास र विस्तार गरि नागरिकहरुको रोजगारीको अवसरलाइ सुनिश्चित गर्दै सामाजिक र आर्थिक विकासलाइ तिब्रता दिनु परेको छ। श्रोतको समुचित प्रयोग, भौतिक पुर्वाधारमा लगानी बृद्धि, संस्थागत विकास तथा सुशासनका माध्यमद्धारा आन्तरिक आन्तरिक अर्थतन्त्रलाई सुदृढ बनाइ गाउंपालिकाको चौतर्फि विकास गर्नु आजको आवश्यकता हो ।

४. संबिधानले अंगिकार गरेको स्वतन्त्र स्थानीय तहलाई सुदृढ गर्दै संघिय नेपालको सुनिश्चीततताको लागि हाम्रा क्रियाकलाप अगाडी बढ्नु पर्ने आवश्यकता लाई आत्मसात् गर्दै बजेट मार्फत गाउंपालिकाको उज्वल भविष्यको रेखा कोर्ने प्रयास गरेको  गरेको छु ।

**श्रद्धेय  सभाध्यक्ष एवं सदस्य ज्यूहरु**

सीमित  स्रोत साधनले असीमीत माग र बढ्दो आकांक्षा एकैपटक सम्बोधन गर्न नसकीने यथार्थता एकातर्फ छ भने स्रोतको न्युनताको कारण हामीले चाहे जस्तो विकासका कार्यहरुमा लगानी बृद्धि गर्न सकिएको छैन ।  गाँउपालिकाले नेपाल सरकारबाट प्राप्त हुने शर्शत तथा निशर्त अनुदान, राजश्व बांडफांड, आन्तरीक आम्दानी  प्रदेश सरकारबाट प्राप्त हुने बित्तिय समानकिरण र राजश्व बांडफांड समेतको अनुमान गरी  सकेसम्म गाउंपालिकाको समग्र विकासलाई सन्तुलित बनाउन गरि बजेट तथा कार्यक्रम तर्जुमा गरेको  छु ।

**श्रद्धेय अध्यक्ष एवं सदस्य ज्यूहरु**

**अव म चालु आ. व. २०७४।७५ मा भएको आयव्ययको संसोधित अनुमान तथा त्यस बाट प्राप्त हुने उपलब्धीलाई संक्षेपमा उल्लेख गर्न चाहन्छु ।**

**१.  चालु आ.व. २०७४।७५ को संसोधित आय अनुमान**

चालु आ.व २०७४/०७५ मा  आय अनुमान ३९ करोड ४७ लाख २३ हजार रुपिया रहेकोमा संशोधित आय अनुमान ४१ करोड ४९ लाख ३७ हजार पांचसय रहेको छ । जसमा आन्तरिक आयतर्फ २६ लाख १५ हजार , वित्तिय समानकिरण तर्फ १७ करोड ९३ लाख ८० हजार, शशर्त अनुदान तर्फ १५ करोड २ लाख ३८ हजार,  सामाजिक सुरक्षा तर्फ ६ करोड ५८ लाख ३३ हजार  संसोधित अनुमान रहेको छ । अघिल्लो वर्षको जिम्मेवारी १ करोड ६८ लाख ६६ हजार पांच सय रहेको छ ।

**२.  चालु आ.व २०७४०७५ को संशोधित व्यय अनुमान**

चालु आ.व. को लागि व्यय अनुमान  ३९ करोड ४७ लाख २३ हजार रहेको थियो । जसमा २२ करोड ४० लाख ३६ हजार पांचसय अनुमान गरेकोमाचालु खर्च तर्फ २२ करोड ५ लाख ३६ हजार पांचसय संसोधित खर्च अनुमान रहेको छ भने पुंजीगत खर्च तर्फ १७ करोड ६ लाख ८६ हजार पांचसय रहेकोमा संसोधित खर्च अनुमान  १४ करोड ५६ लाख ८६ हजार पांचसय गरि जम्मा संशोधित  व्यय ३६ करोड ६३ लाख २३ हजार अनुमान गरेको छु ।

## ३. चालु आ.व. २०७४ ।७५ मा प्राप्त उपलब्धिहरुः

चालु आ.व.मा पुंजीगत खर्च   ८५ दशमलब तिन पांच प्रतिशत हुने संसोधित अनुमान गरेको  छु ।  गाउंपालिका स्थापना भएको प्रथम वर्ष भएको र कार्यालयको संरचनागत अवस्था , जनशक्तिको अभावका बिच भएको  खर्च  सन्तोष जनक रहेको छ । यस वर्षको पुंजीगत खर्चबाट जनअपेक्षा बमोजिम सामुदायकि भवन  २४ गोटा मर्मत तथा निर्माण,  खानेपानी तर्फ   ३४ गोटा  त्यस्तै सिंचाई तर्फ  ३४ वटा योजना  निर्माण तथा सुधार  गरिएको छ भने सडक सुधार एवम स्तरोन्नती तर्फ ५९ वटा योजना सम्पन्न भएका छन ।  पर्यटन पदमार्ग १८ गोटा, १७ वटा  बिद्यालय सुधार योजनाहरु संचालन भई सम्पन्न भएका छन्  । यस वर्ष झण्डै ९ कि.मि. बाटोको नयां ट्रयाक खन्ने काम सम्पन्न भएको छ । सडक सन्जालबाट विमुख भएका वडा नं. ५ को मोहोरा र वडा नं. १ को गाउंमा सडकको पहुंच पुयाइएको छ ।  कृषि तर्फ आधुनिक हलो वितरण,  उन्नत जातको फलफुल विरुवा वितरण,  उन्नत जातको बीउबिजन वितरण, विपन्न परिवारमा कुखुराको चल्ला वितरण, बाख्रा वितरण गोठ सुधार जस्ता कार्यहरु सम्पन्न भएका छन् । पशुरोगको निदानको लागि घरदैलो सेवा,  निशुल्क औषधी वितरण लगायतका विभिन्न सेवा प्रवाह गरिएको छ । स्वास्थ्य सेवा तर्फ खोप सेवा, पोषण, क्षयरोग, परिवार नियोजन , आमा सुरक्षा, सुत्केरी सेवा, निशुल्क औषधि वितरण लगायतका सेवाहरु प्रवाह भएका छन् ।

**श्रद्धेय अध्यक्ष एवम सदस्य ज्यूहरु,**

अब म गाउंपालिकाको समष्टिगत विकासका लागि आगामी आर्थिक वर्ष २०७५।७६ को बजेटको दिर्घकालिन सोच, प्राथमिकताका क्षेत्रहरु, योजना तर्जुमा गर्दा लिइएका आधारहरु तथा समग्र नीतिहरुको संक्षिप्त सार प्रस्तुत गर्न चाहान्छु ।

## १. दिर्घकालीन सोच

सुशासनको माध्यमद्धारा विकासका समग्र आधारभुत पुर्वाधार खडा गरि रोजगारी सृजना तथा गरिबी न्युनिकरण गर्दै समृद्ध र समुन्नत गाउंपालिका निर्माण गर्ने ।

## २. रणनीतिक उदेश्य

गाउंपालिकामा रहेको बिद्यमान बेरोजगारी र बहु आयामिक असमानता घटाई आर्थिक र सामाजिक रुपान्तरण गर्दै "**समृद्ध नेपाल सुखी नेपाली** " राष्ट्रिय लक्ष्यलाई सफलिभुत बनाउन रहयोग गर्ने ।

## ३. आगामी आ.व. २०७५।७६ को लागि विकासका प्राथमिकताका क्षेत्रहरु देहाय बमोजिम रहेका छन् ।

- महिला तथा युवाहरुको स्वरोजगारी बृद्धि गर्ने ।
- भौतिक पुर्वाधारहरु तथा सडकहरुको स्तरोन्नती तथा मर्मत सुधार गरि सडकको गुणस्तरियता बृद्धि गर्ने ।
- मानविय विकास (शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाइ, पोषण) मा जोड दिने ।
- सामुदायकि विधालयको शिक्षामा गुणस्तरीयता बृद्धि गर्ने ।
- कृषि, वन, पशु विकासको विकास गरि रोजगारी सृजना गर्ने ।
- पर्यटनको विकास तथा वातावरण संरक्षणमा जोड दिने ।
- दिर्घकालिन विकासको लागि प्राथमिकता क्षेत्र निर्धारण गरि आवधिक योजना तथा गुरु योजना निर्माण गर्दै कार्यान्वयनमा जोड दिने ।
- लैंगिक तथा समाबेसी तथा सामाजिक न्यायको सृजना गर्ने ।
- गाउंपालिकाको विकासको गतिलाई तिब्रता प्रदान गर्न वित्तीय संस्था संग सहकार्य गर्ने ।

## ४. योजना तर्जुमाका आधारहरु

उल्लेखित उदेश्य परिपुर्ती गर्न योजना तर्जुमा गर्दा निम्न आधारहरु लिइएको छ ।

- संघीय सरकारको आवधिक योजना,लक्ष्य, उदेश्य एवम प्राथमिकता र रणनीतिहरु
- प्रदेश सरकारको प्राथमिकताका क्षेत्रहरु
- दिगो विकासको अवधारणा
- विषयगत समितिको सिफारिस
- वडा समितिको प्राथमिकताका कार्यक्रमहरु
- विज्ञ समुहको परामर्श तथा सुझाव
- कार्यपालिकाले आवश्यक ठानेका र जनसहभागिता जुट्ने आयोजनाहरु
- विपन्न परिवारको आयआर्जनको योजनाहरु
- क्रमागत विकास योजनाहरु

## ५. बजेट नीति तथा कार्यक्रम कार्यान्वयनबाट प्राप्त हुने अपेक्षा

- समष्टीगत पुर्वाधार , सिंचाई र पर्यटन क्षेत्रको आवधिक योजना तयार हुनेछ ।
- सबै नागरिकले धाराको पानी उपभोग गर्न पाउने छन् ।
- पर्यटन विकासको लागी योजना निर्माण हुनेछ ।
- आन्तरिक रोजगारीको वृद्धि हुनेछ ।
- किशोरी किशोरीहरुमा प्रजनन शिक्षा, स्वास्थ्य चेतना बृदि भई बाल विवाह, महिला लैंगिक हिंसा न्यूनिकरणमा टेवा पुग्नेछ ।
- सुशासनको प्रत्याभूति हुनेछ ।
- महिला शसक्तिकरण र आत्मानिर्भरता बढ्नेछ ।
- सवै वालवालिकाहरु आधारभूत शिक्षा बाट बञ्चित हुनुपर्ने छैन ।
- खेलकुद र तालिम मार्फत यूवाहरुलाई अनुशासित र स्वरोजगार हुन मद्दत पुग्नेछ ।
- आन्तरिक आय बृद्धि भई अर्थ व्यवस्था सबल हुनेछ ।

**श्रद्धेय अध्यक्ष एवं सदस्य ज्यूहरु,**

अब म आगामी आ.व. २०७५।७६ को लागि प्रस्तावित आय व्ययको अनुमान प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

## १. आगामी आ.व. २०७५।७६ को प्रस्तावित आय व्यय अनुमान

### क ) आय अनुमान :

आगामी आ.व २०७५/०७६ का लागि कुल ४५ करोड ७ लाख ८० हजार चारसय पैतिस रुपियाको आय अनुमान गरेको छु । जस मध्ये आन्तरीक आय स्रोतबाट ७१ लाख १९ हजार अनुमान गरेको छु । जुन रकम कुल बजेटको १.५७ प्रतिशत रहेको छ । बाह्य अनुदान तर्फ संघीय सरकारको वित्तिय समानीकरण तर्फ ८ करोड ५ लाख, संघीय सरकारको राजस्व बांडफांडबाट ७ करोड ११ लाख ७२ हजार, संघीय सरकारको शशर्त अनुदान १७ करोड ४८ लाख, सामाजिक सुरक्षा तर्फ ७ करोड ५० लाख रहेको छ । त्यस्तै प्रदेश सरकारको वित्तिय समानीकरण १ करोड ११ लाख ४ हजार, प्रदेश सरकारको राजस्व बांडफांडबाट २५ लाख ७५ हजार चारसय पैतिस रहेको छ ।

### ख) व्यय अनुमान :

आगामी आ.व २०७५/०७६ का लागि कुल रु ४५ करोड ७ लाख ८० हजार चारसय पैतिसको व्यय अनुमान गरेको छु । जस मध्ये प्रशासनिक खर्च, कार्यालय संचालन समेत चालु खर्च तर्फ ३ करोड ३९ लाख ५५ हजार ४ सय ३५ रहेको छ । शसर्त बजेट ( शिक्षा, स्वास्थ्य, कृषि, पशु तर्फका शिक्षक, कर्मचारीको पारिश्रमिक र स्वास्थ्य तर्फका कियाकलापहरु ) खर्च तर्फ रु. १७ करोड ४८ लाख र सामाजिक सुरक्षा तर्फ ७ करोड ५० लाख गरि जम्मा २८ करोड ३७ लाख ५५ हजार ४३५ विनियोजन गरेको छु । जुन रकम कुल बजेटको ६२ दशमलब ९५ प्रतिशत रहेको छ । गाउंपालिकाको विकास निर्माण तथा पुंजी निर्माण गर्ने पुंजीगत खर्च तर्फ रु. १६ करोड ७० लाख २५ हजार विनियोजन गरेको छु । जुन रकम कुल बजेटको ३७ दशमलब ०५ प्रतिशत रहेको छ ।

**श्रद्धेय अध्यक्ष एवम सदस्य ज्युहरु,**

अव म यस गाउंपालिकाको आयोजना तथा कार्यक्रम अनुसार अनुमानित क्षेत्रगत र विषयगत बजेटको विवरण प्रस्तुत गर्न चाहान्छु ।

१. **कृषि पशु:** यो गाउंपालिका कृषिमा अग्रणी गाउंपालिकाको रुपमा रहेकोछ । पशुपालन, दुग्ध व्यवसाय, कुखुरापालन, मत्स्यपालन लगायतका कृषि व्यवसाय व्यवसायीक रुपमा अघि बढाउन कृषक मनोबल उच्च राख्दै कृषिलाई व्यवसायीकरण, आधुनिकीकरण, र यान्त्रिकीकरण गर्न रु. ६७ लाख विनियोजन गरेको छु ।

२. **पर्यटन:** यस गाउंपालिकाको आर्थिक विकासको सबैभन्दा बढी सम्भावना भएको क्षेत्र पर्यटन हो । आन्तरिक र बाह्य पर्यटन विकासको माध्यम द्धारा रोजगारी सृजना गर्दै समष्टिगत रुपमा गाउंपालिकाको आय वृद्धि गर्ने कार्यलाई उच्च प्राथमिकता दिएको छु । समग्र पर्यटनको विकास गर्न गुरु योजना लगायतका विविध कायृक्रम संचालन गर्न रुं ५० लाख विनियोजन गरेको छु ।

३. **बित्त सहकारी:** वित्तिय संस्थाहरु गाउंपालिकाको समष्टिगत आर्थिक विकासका महत्वपुर्ण औजारको रुपमा रहेका छन् । सरकारी, नीजि र सहकारीको सहकार्यबाट मात्र आर्थिक समृद्धिहासिल गर्न सकिने तथ्यलाई आत्मसात गरि गाउंपालिकाको समष्टिगत विकासको लागि वित्तिय संस्था तथा सहकारी संग सहकार्य गरिने छ । यसको लागि सहकारीको विकास र प्रवर्धनमा जोड दिइने छ।

४. **बन वातावरण:** बन वाताबरण संरक्षण लाई दिगो विकासको लक्ष्य संग आवद्ध गरिने छ । विकास निर्माणका कार्य गर्दा वातावरण संरक्षणलाई ध्यान दिइने छ । बनमा आधारित व्यवसाय विकासको लागि पहल गरिने छ । गाउंपालिका स्तरमा एक बन नर्सरी स्थापना गर्ने अगाडी बढाइने छ । टोल विकास संस्थाहरुलाई वातावरण संरक्षण कार्यमा प्रेरित गरिने छ ।

५. **शिक्षा:** सामसदायीक विधालयको शैक्षिक गुणस्तरलाई सुधार गर्न निरन्तर अनुगमन गरिने छ । बिधार्थीको शिक्षक दरबन्दि मिलाउने कार्य अगाडी बढाइने छ । शिक्षाको गुणस्तरियता मापन गर्न अभिभावकको सन्तुष्टिलाई समेत सुचकको रुपमा लिने

व्यवस्था मिलाइने छ। उत्कृष्ट विधालयलाई शिक्षक अनुदान उपलब्ध गर्न रु. २० लाख विनियोजन गरेको छु।

६. **स्वास्थ्य:** स्वास्थ्य मानवको सबै भन्दा संबेदनशिल क्षेत्र हो। यसको लागि बाल पोषण, मातृ पोषण, खोप कार्यक्रमलाई निरन्तरता दिएको छु। स्वास्थ्य संस्थाको व्यवस्थापन र प्राथमिक स्वास्थ्य केन्द्रमा फार्मेसी संचालनको व्यवस्था मिलाउन आवश्यक बजेटको व्यवस्था गरेको छु। यस वर्ष परीक्षणको रुपमा केहि स्वास्थ्य चौकीमा प्रयोगशाला स्थापना गर्न रकम विनियोजन गरेको छु।

७. **खानेपानी तथा सरसफाई:** गाउंपालिकाका सबै नागरिकहरुलाई कुवाको पानी खाने अवस्थाबाट मुक्त गरिने छ। गाउँपालिकामा एकघर एक धारा कार्यक्रम सम्पन्न गर्न रु. ७० लाख विनियोजन गरिएको छ।

८. **सडक:** गाउंपालिकाको सडक संजाललाई विकास र स्तरोन्नती गर्ने कार्यलाइ प्राथमिकता दिएको छु। गाउंपालिका प्रबेश गर्ने बाटो मर्दी पुल चोर खोल्सा गाउंपालिका जोड्ने बाटो स्तरोन्नती गर्न रु एक करोड विनियोजन गरेको छु। गाउंपालिकालाई वडा कार्यालय संग जोड्ने र समग्र गाउंपालिकाका सडकहरुको गुणस्तर बृद्धि गर्न रुं ७ करोड १८ लाख विनियोजन गरेको छु।

९. **सिंचाई:** कृषिको अग्रणी गाउंपालिकाको रुपमा रहेको यस गाउंपालिकामा सिंचाइको विकास गरि उत्पादकत्व बृद्धि गर्दै कृषिमा रोजगारी सृजना आवश्यक रहेको छ। समग्र सिंचाई कुलो निर्माण तथा मर्मत सुधार गर्न रु. १ करोड ३३ लाख ५० हजार विनियोजन गरेको छु।

१०. **महिला तथा बालबालिका:** आधा आकास ढाकेका महिलाको समग्र विकास नै विकासको मुल आधार हो। महिलालाई सिपयुक्त, सक्षम र आर्थिक रुपले सम्पन्न महिला उद्यम विकास घुम्ती कोष स्थापना गरिने छ। यसको लागि बिउ पुजींको रुपमा रु २० लाख विनियोजन गरेको छु।

११. महिला, बालबालिका अपांग, ज्येष्ठ नागरिक उतपिडित दलित, जनजाती, युवाबर्गको समुचित विकास गर्न आवश्यक रकम विनियोजन गरेको छु।

१२. **<u>सुशासन तथा संस्थागत सुधारः</u>** सुशासन विकासको मल आधार हो । गाउंपालिका हरेक कियाकलापलाई पारदर्सि बनाइने छ । जन प्रतिनिधि र कर्मचारीको क्षमता विकास, लगायत कार्यालय र वडा कार्यालयको समग्र व्यवस्थापनमा सुधार गरिने छ । सुशासन संस्थागत विकास, संरचनागत विकासको लागि १ करोड ७८ लाख ५० हजार विनियोजन गरेको छु ।

१३. खेलकुदको विकास गर्न अध्यक्ष कप भलिबल लगायत विभिन्न खेल संचालन गर्न रकम विनियोजन गरेको छु । खेलमैदान सुधार गर्ने कार्यलाई निरन्तरता दिएको छु ।

१४. मठ मन्दिर, गुफा संरक्षण कार्य लाइ निरन्तरता दिएको छु ।

**श्रद्धेय अध्यक्ष तथा सदस्य ज्यूहरु,**

अव म आगामी आ.व. २०७५।०७६ को विषयगत क्षेत्र तर्फको बजेट विनियोजनको संक्षिप्त विवरण प्रस्तुत गर्न चाहन्छु ।

कुल विनियोजीत रकम रु. **४५ करोड ७ लाख ८० हजार ४३५** मध्ये विषयगत विनियोजन यस प्रकार रहेको छ ।

- **चालु खर्च तर्फ** (पदाधिकारी खर्च, कर्मचारी प्रशासन, कार्यालय संचालन, सामाजिक सुरक्षा) **रु.२८३७५५४३५**
- **पुंजीगत तर्फ** **रु. १६७०२५०००।**

| क्र.सं. | खर्च शिर्षक | विनियोजित रकम | प्रतिशत |
|---|---|---|---|
| १) | पूर्वाधार विकास तफ | रु.९,५३,२९,०००। | ५७.०५ |
| २) | सामाजिक विकास तफ | रु.१,७८,५०,०००। | १०.६९ |
| ३) | आर्थिक विकास तफ | रु.१,५५,००,०००। | ९.३० |
| ४) | वातावरण संरक्षण तथा विपद व्यवस्थापन तर्फ | रु.२५,००,०००। | १.५० |
| ५) | सुशासन, संस्थागत विकास तथा सेवा प्रवाह | रु.३,५८,४६,०००। | २१.४६ |

**श्रद्धेय अध्यक्ष तथा सदस्य ज्यूहरु,**

१५. उल्लेखीत बजेट कार्यान्वयनको लागि समग्र सहभागितात्मक पद्धतीबाट बस्ती गाउं टोल हुंदै गाउं कार्यापालिकाबाट तय भएका अनुसुचिमा उल्लेखित आयोजना तथा कार्यक्रम र विनियोजित बजेट माथि छलफल तथा स्वीकृतीको लागि अनुरोध गर्दछु ।

**श्रद्धेय अध्यक्ष तथा सदस्य ज्यूहरु,**

१६. प्रस्तुत कार्यक्रम तथा बजेटको कार्यान्वयनबाट गाउंपालिकाको भौतिक पुर्वाधारको विकासको साथ साथै सामाजिक, आर्थिक र वातावरणिय क्षेत्रमा परिवर्तन भई गाउंपालिकाको सर्वाङ्गिण विकासको ढोका खोलिने र गरिबि न्युनिकरणमा सकारात्मक योगदान पुग्ने अपेक्षा गरेको छु ।

१७. प्रस्तावित बजेट तर्जुमा गर्दा गाउंपालिकाको आन्तरिक आय, संघिय सरकारबाट प्राप्त बजेट र,प्रदेश सरकारबाट प्राप्त बजेट तथा प्राथमिकताका क्षेत्र, गाउंपालिकाको प्राथमिकताका क्षेत्रहरु, जनताबाट आवश्यक ठानिएका आयोजनाहरु, नागरिक समाज, गैर सरकारी संस्थाहरु लगायत सम्पुर्ण महानुभावहरु सबैको अमुल्य सुझाव लाई उपलब्ध श्रोत साधनको सिमा भित्र रहि समेट्ने प्रयास गरेको छु ।

१८. प्रस्तुत बजेटको कार्यान्वयनबाट गाउंपालिकाको सर्वाङ्गिण विकासकोढोका खोलिने र गरिबि न्युनिकरणमा सकारात्मक योगदान पुग्ने अपेक्षा गरिएको छ । प्रस्तुत बजेट, कार्यक्रम माथि उपस्थित सदस्यहरुवाट प्रभावकारी कार्यवन्यनका लागी सल्लाह र सुझावको अपेक्षा राखेको छु । गाँउपालिकाको स्रोत र क्षमता अनुसार विभिन्न उप समितिहरु र गाँउकार्यपालिकामा व्यापक छलफल गरी बजेटलाई सन्तुलित र दीगो बनाउने प्रयास गरिएको छ । गाउपालिकाको स्रोत साधनले समेट्न नसकेका ठूला योजनाहरु प्रदेश सरकार र केन्द्रीय सरकारको सहकार्यमा संचालन गर्न स्रोतको व्यवस्था गरेको छु । थप योजनाहरुको संचालनको लागि प्रदेश सरकार र संघीय सरकारमा पहल गरिने व्यहोरा समेत अनुरोध गर्न चाहन्छु ।

१९. अन्तमा, सबैको सकरात्मक, अर्थपुर्ण र साझेदारी युक्त सहयोगबाट मात्र बजेट कार्यान्वयनमा सफलता प्राप्त हुने कुरामा दुईमत हुन सक्दैन । तसर्थ प्रस्तुत बजेट कार्यान्वयन, अनुगमन, मुल्यांकनमा आ-आफ्नो तर्फबाट सहयोग पु-याउन सम्पुर्ण जन प्रतिनिधिहरु बुद्धिजिबीहरु, राजनैतिक दल, सरकारी, गैर सरकारी संघ संस्थाहरु, उद्योगी व्यवसायीहरु, नागरिक समाज, उपभोक्ता समितिहरु लगायत सरोकारवाला सम्पुर्णबाट महत्वुपुर्ण र सार्थक सहयोग प्राप्त हुने अपेक्षा गरेको छु । योजना छनौटमा सहयोग पु-याउनु हुने सम्पुर्ण महानुभावहरु, कर्मचारीहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु । प्रस्तुत बजेट, र अनुसुचि ६ मा संलग्न आयोजना तथा कार्यक्रमहरुलाई यस सम्मानित सभाबाट गहन छलफलका साथ पारीत गर्नहुनेछ भन्ने अपेक्षा गरेको छु । अन्तमा हामीलाई निर्बाचित गरेर यस गाउंपालिकाको सेवा गर्ने अपुर्व अवसर प्रदान गर्नुहुने सम्पुर्ण माछापुच्छ्रे गाउंपालिका निबासी आदरणिय आमा बुबा दाजुभाई दिदी बहिनीहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

**धन्यबाद !**

**उपाध्यक्ष कृष्ण कुमारी पौडेल दवाडी**
**संयोजक**
**बजेट,नीति तथा कार्यक्रम समिति**